नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

**प्रेस विज्ञप्ति**

मितिः २०८३ श्रावण ८ गते

**मन्त्रालयको पछिल्लो १५ दिनका प्रमुख उपलब्धि तथा निर्णयहरूबारे।**

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको पछिल्लो १५ दिन (असार मसान्तदेखि श्रावण पहिलो साता) को अवधिमा सम्पादन भएका प्रमुख नीतिगत, प्रशासनिक तथा द्विपक्षीय विकास सम्बन्धी उपलब्धिहरू आम सञ्चारमाध्यम र सर्वसाधारणको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छः

१. यस मन्त्रालयको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३ श्रावण ६ गतेको निर्णय अनुसार विद्युत क्षेत्रलाई पारदर्शी, प्रतिस्पर्धी र व्यवस्थित बनाउन गठित विद्युत नियमन आयोगको अध्यक्ष तथा सदस्य पदमा देहाय बमोजिम नियुक्ति गरिएको छः

**अध्यक्ष पदः**

डा. रामप्रसाद धिताल, सिन्धुपाल्चोक

**सदस्य पदहरूः**

श्री जयराज भण्डारी, बत्तिसपुतली, काठमाडौं

श्री लोकराज पाठक, काठमाडौं महानगरपालिका-३१, काठमाडौं

श्री बलराम सिलवाल, धादिङ

२. नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (Joint Steering Committee - JSC) तथा सहसचिवस्तरीय संयुक्त कार्यदल (Joint Working Group - JWG) को १३ औं बैठक मिति २०८३ असार ३० र ३१ गते (तदनुसार १४-१५ जुलाई २०२६) मा सफलतापूर्वक सम्पन्न भएको छ। उक्त बैठकमा दुवै देशबीच मौजुदा प्रसारण लाइन, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाइन, भारतीय लगानीका जलविद्युत आयोजना तथा विद्युत आयात-निर्यातका विषयमा बृहत् छलफल भई देहाय बमोजिमका सहमतिहरू भएका छन्:

क) संयुक्त प्राविधिक टोली (JTT) को अध्ययन प्रतिवेदनका आधारमा ढल्केवर-मुजफ्फरपुर र ढल्केवर-सीतामढी ४०० के.भी. प्रसारण लाइनहरूबाट हुने संयुक्त विद्युत प्रवाह (Combined Power Transfer) को विद्युत आयात क्षमता १००० मेगावाटबाट बढाएर १४०० मेगावाट र विद्युत निर्यात क्षमता ११०० मेगावाटबाट बढाएर १६५० मेगावाट पुऱ्याइने सहमति भएको छ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

ख) चमेलिया (नेपाल) - जौलजीवी (भारत) २२० किलोभोल्ट डबल सर्किट प्रसारण लाइनको विस्तृत आयोजना प्रतिवेदन (DPR) स्वीकृत गरिएको छ। यो आयोजना डिसेम्बर २०२८ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

ग) इनरूवा - न्यु पुर्निया र दोदोधरा (न्यू लम्की) - बरेली ४०० के.भी. क्षमताका अन्तरदेशीय प्रसारण लाइनहरू निर्माण गर्न नेपाल विद्युत प्राधिकरण र पावर ग्रिड कर्पोरेशन अफ इन्डियाबीच शेयरधनी सम्झौता (SHA) तथा संयुक्त उपक्रम (JV) सम्झौता भइसकेको सन्दर्भमा, निर्माण कार्यलाई तीव्रता दिन संयुक्त उपक्रम कम्पनी स्थापना प्रक्रियालाई द्रुत गतिमा अगाडि बढाउने निर्णय भएको छ।

घ) सन् २०३४-३५ सम्मको थप विद्युत निर्यात गर्न मोतिहारी (भारत) - निजगढ (नेपाल) ४०० के.भी. डबल सर्किट प्रसारण लाइनआ आयोजना र मुजफ्फरपुर (भारत) - ढल्केवर (नेपाल) ४०० के.भी. प्रसारण लाइनमा HTLS कन्डक्टर प्रयोग गरी क्षमता विस्तार (Reconductoring) गर्ने कार्य सम्बन्धी DPR स्वीकृत गरिएको छ।

ङ) नयाँ बुटवल - गोरखपुर ४०० के.भी. प्रसारण लाइनको नेपाल खण्डको निर्माण कार्य अगस्ट २०२६ सम्म र नयाँ बुटवल सबस्टेशनको निर्माण कार्य डिसेम्बर २०२७ सम्म सम्पन्न हुने भएकाले सो समयसम्मका लागि यस प्रसारण लाइनलाई २२० के.भी. मा सञ्चालन गर्ने प्राविधिक सहमति भएको छ। यसबाट नेपालले तत्काल १३० मेगावाटसम्म आयात र २०० मेगावाटसम्म निर्यात गर्न सक्नेछ।

३. सङ्घीयताको मर्म अनुरूप सङ्घ, प्रदेश र स्थानीय तहबीच नीतिगत सामञ्जस्यता र आपसी समन्वय कायम गर्ने उद्देश्यले मिति २०८३ श्रावण ५ गते माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री एवं विषयगत समितिका अध्यक्ष श्री विराज भक्त श्रेष्ठको अध्यक्षतामा सिंहदरबारमा विषयगत समितिको बैठक सफलतापूर्वक सम्पन्न भएको छ। उक्त बैठकमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक, २०८३ र जलस्रोत विधेयक माथि छलफल भई जलस्रोतको बहुआयामिक सदुपयोग, Water Audit, जल तथा ऊर्जा आयोगलाई Knowledge Center को रूपमा विकास गर्ने र River Basin Masterplan कार्यान्वयन गर्ने सम्बन्धमा सहमति भएको छ।

४. विद्युत विधयेक तथा सिंचाई विधेयक तर्जुमा कार्य अगाडी बढाइएको छ।

(सन्दीप कुमार देव)
सहसचिव एवं प्रवक्ता